# इस्मा गाउँपालिका

# स्थानीय राजपत्र

**खण्ड – १, संख्या –७, पौष ५ गते, २०७४ साल**

## भाग–२

## जनता आवास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७४

नेपालको संविधानको धारा ३७ को आवासको हक तथा धारा ४२ उपधारा (२) र (५) मा आर्थिक रुपले विपन्न लोपोन्मुख समुदाय, द्वन्द्वपिडीत, शहिद तथा घाइतेहरुको संरक्षण, उत्थान, सशक्तिकरण र विकासकालागि शिक्षा, स्वास्थ्य, आवास, रोजगारी, खाद्यान्न र सामाजिक सुरक्षामा विशेष अवसर तथा प्राथमिकता पाउने हक हुने व्यवस्था भएकाले यस गाउँपालिका अन्तरगतका दलित, जनजाती, अल्पसंख्यक, एकल महिला, आर्थिक रुपमा अतिविपन्न वर्गहरुलाई सुरक्षित आवासको लागि खरका छाना भएका घरहरुमा जस्तापाताका छाना लगाउने

व्यवस्थागर्न आ.व. २०७४।०७५ को गाउँ सभाबाट स्वीकृत बजेट तथा कार्यक्रमलाई कार्यान्वयन गर्न इस्मा गाउँकार्यपालिकाले देहायको कार्यविधि बनाएको छ ।

## परिच्छेद १

## प्रारम्भिक

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u> : (१) यस कार्यविधिको नाम "जनता आवास कार्यक्रम कार्यान्वयन कार्य विधि, २०७४" रहेको छ ।

(२) यो कार्यविधि इस्मा गाउँ कार्यपालिकाबाट स्वीकृत भएपछि प्रारम्भ हुनेछ ।

२. <u>परिभाषा :</u>विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "गाउँ सभा" भन्नाले इस्मा गाउँसभा सम्झनु पर्दछ ।

(ख) "कार्यपालिका" भन्नाले इस्मा गाउँ कार्यपालिका सम्झनु पर्दछ ।

(ग) "समन्वय, सहजीकरण तथा अनुगमन समिति"भन्नाले दफा १० को उपदफा (१) बमोजिम गठन भएको समिति सम्झनु पर्दछ ।

(घ) "जनता आवास कार्यक्रम" भन्नाले यस कार्यक्रम कार्यान्वयनका लागि छनौट भएका लाभ ग्राहीका घरमा जस्ता पाता लगाउने कार्य सम्झनु पर्दछ ।

(ङ) "लाभग्राही" भन्नाले दफा ४ बमोजिम छनौट भएको लाभग्राही घरधनी सम्झनु पर्दछ ।

(च) "निर्माण समिति" भन्नाले दफा ...बमोजिम गठनभएको समिति सम्झनु पर्दछ ।

## परिच्छेद २

## लाभग्राहीको पहिचान र तथ्यांक संकलन

३. **लाभग्राहीको पहिचान :**(१) लाभ ग्राहीवर्गको पहिचान देहायका आधारमा गरिने छ :-

(क) विगत देखी सो स्थानमाबसोबास गर्दै आएको प्रमाण ।

(ख) जग्गाधनी प्रमाणपुर्जा वाविगत देखी बसोवास गर्दै आएको भन्ने वडा कार्यालयको सिफारिस ।

(ग) लाभ्रग्राही बसोबास गर्दै आएको घरको भौतिक अवस्था ।

(२) उपदफा (१) बमोजिम पहिचान भएका लाभग्राहीहरुको लगत सम्बन्धित वडा कार्यालय मार्फत संकल नगरिने छ ।

४. **लाभग्राही छनौटका आधारः** (१) लाभग्राही छनौट गाउँ कार्य पालिकाको कार्यालयले गर्ने छ ।

(२) लाभग्राही छनौट गर्ने प्रयोजनका लागि लाभग्राहीले हाल प्रयोग गरिरहेको घरको क्षेत्रफल, भुइँ, गारो तथा छानाको साइज तयारी गरिने छ ।

(३) लाभग्राही छनौट गर्दा दलित, अल्पसंख्यक, जनजाती, एकल महिला, अनाथ तथा बालबालिका, अपांगता भएका व्यक्ति, आर्थिक रुपले अतिविपन्न, शहिद परिवारहरुलाई पहिलो प्राथमिकता दिइनेछ ।

(४) सगोलमा रहेका परिवारले एक घरका लागिमात्र सुविधापाउने छन् ।

५. **कार्यक्रम कार्यान्वयन स्थल :** (१) इस्मा गाउँपालिका भित्रका दफा (४) उपदफा (१) बमोजिम कार्यपालिकाले छनौट गरेका लाभग्राहीका घरहरुमा कार्यान्वयन गरिनेछ ।

## परिच्छेद ३

## बजेट व्यवस्था, गुणस्तर र खरिद प्रक्रिया

६. **बजेट व्यवस्था :** (१) जनता आवास शीर्षकमा गाउँ सभाबाट स्वीकृत बजेट गाउँ कार्यपालिकाले उपलब्ध गराउने छ ।

७. **गुणस्तर :** (१) जस्तापाताको गुणस्तर रंगिन २६ गेज हेवी ०.४१ एम.एम. देखी ०.३८ एमएम वा सो सरहको हुनेछ ।

(२) लाभग्राहीलाई जस्तापाता वितरण गर्दा प्रति घर अधिकतम २२.५×१३.५ फिटर न्युनतम प्राविधिक मुल्यांकनका आधारमा वितरण गरिने छ ।

(३) दफा (४) अनुसार लाभ्राही छनौटगरि सकेपछि गाउँ कार्यपालिका ले स्वीकृत बजेट अन्तरगत रही एकमुष्ट रुपमा जस्ता पाता खरिद गरिनेछ ।

(४) उपदफा (३) बमोजिमको प्रक्रियाबाट कार्यक्रम कार्यान्वयन गर्न अनुकुल नभएमा गाउँ कार्यपालिकको निर्णय अनुसार दफा (१०) बमोजिमको प्रक्रियाबाट कार्यक्रम कार्यान्वयन गर्न बाधा पर्ने छैन ।

८. **लागत सहभागीता र व्यवस्थापन :** (१) लाभग्राहीले जस्तापाता प्राप्त गर्नु अगावै घरमा जस्ता पाता लगाउन आवश्यक निर्माणको कार्य पुरा गरिसक्नु पर्नेछ ।

(२) जस्ता पाता प्राप्त गरिसकेपछि छाउने लगायत घरको सम्भार गर्ने जिम्मेवारी लाभ ग्राहीको हुनेछ ।

९. **कार्यक्रम कार्यान्वयन :** (१) लाभग्राहीलाई जस्तापाता उपलब्ध गराउँदा देहायका प्रक्रिया पुरा गरेको हुनुपर्नेछ :-

(क) घरमा जस्तापाता लगाउन तयार भएको प्राविधिकको मुल्यांकन सहितको सिफारिस

(ख) लाभग्राहीको नागरिकताको प्रतिलिपी

(ग) जग्गाधनी प्रमाणपूर्जा

(घ) स्थायी बसोवास भएको वडा कार्यालयको सिफारिस

(ङ) अनुसूची १ बमोजिमको निवेदन

(२) उपदफा (१) बमोजिमको प्रक्रिया पुरा गरिसकेपछि दफा (१०) अनुसार गठित समितिको निर्णय अनुसार लाभ ग्राहीलाई जस्तापाता उपलब्ध गराइने छ ।

१०. **उपभोक्ता समिति मार्फत कार्यक्रम कार्यान्वयन गर्न सकिने :** माथिजुन सुकै कुरा लेखिएको भएता पनि गाउँ कार्यपालिकाको निर्णय बाट जनता आवास कार्यक्रम उपभोक्ता समिति मार्फत पनिगर्न सकिने छ ।

(२) उपदफा (१) अनुसार उभोक्ता समिति बाट कार्यक्रम कार्यान्वयन गर्न दफा (४) बमोजिम लाभ ग्राही छनौट भै सके पश्चात वडा प्रतिनिधीको रोहभरमा लाभ ग्राहीहरु मध्येबाट ७ देखी ११ सदस्य सम्मको निर्माण उपभोक्ता समिति गठनगर्न सकिने छ ।

(३) यसरी उभोक्ता समिति गठन भैसके पश्चात समितिले गाउँ कार्यपालिकासंग निर्माण सम्झौता गरी कार्य अगाडी बढाउन सक्नेछन् ।

(४) निर्माण समितिलाई प्राविधिक सहयोग गाउँ कार्यपालिकाले उपलब्ध गराउने छ ।

(५)उपभोक्ता समिति सम्बन्धि अन्य कार्यविधी उभोक्ता समिति गठन, परिचाल तथा व्यवस्थापन सम्बन्धि कार्यविधि बमोजिम हुने छ ।

## परिच्छेद ४

## समिति सम्बन्धी

१०. **समन्वय, सहजीकरण, अनुगमन समिति :** (१) कार्यक्रम कार्यान्वयन सम्बन्धी आवश्यक व्यवस्था तथा समन्वय गर्न देहाय बमोजिमको समिति रहनेछ :-

| | |
|---|---|
| (क) गाउँपालिकाका अध्यक्ष | संयोजक |
| (ख) गाउँपालिकाका उपाध्यक्ष | सदस्य |
| (ग) सम्पूर्ण वडाअध्यक्ष | सदस्य |
| (घ) कार्यपालिकाका महिला सदस्य | १ जना सदस्य |
| (ङ) प्रमुख प्रशासकीय अधिकृत | सदस्य सचिव |

११. **समितिको काम, कर्तव्य र अधिकार :** समन्वय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) कार्यक्रम कार्यान्वयन सम्बन्धी आवश्यक नीतिगत व्यवस्था गर्ने ।

(ख) कार्यक्रम कार्यान्वयनको लागि आवश्यक समन्वय गर्न वडा कार्यालयहरुलाई आवश्यक निर्देशन दिने ।

(ग) कार्यक्रमको प्रगति समीक्षा गर्ने ।

(घ) कार्यक्रम कार्यान्वयनको क्रममा आइ पर्ने बाधा अड्चन फुकाउने ।

(ङ) कार्यक्रमको अनुगमन मुल्यांकन गरी गाउँ कार्यपालिकालाई पृष्ठपोषण दिने ।

१२. **बैठक सम्बन्धी कार्यविधि :** (१) समन्वय समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद ५

## विविध

१३. **निर्देशन पालना गर्नुपर्ने** :गाउँ कार्यपालिकाले समन्वय, सहजीकरण, अनुगमन समिति कार्यक्रम कार्यान्वयनको सिलसिलामा दिएको निर्देशन समितिले पालनगर्नु पर्नेछ ।

१४. **विवादको समाधान** :कार्यक्रम कार्यान्वयनको सिलसिलामा कुनै विवाद उत्पन्न भएमा समन्वय, सहजिकरण तथा अनुगमन समितिबाट दिएको निर्देशन अन्तिम हुनेछ ।

१५. **फरफारक** :लाभग्राहीले कुनै कारणवस पुरा कामनगरी बीचमै छोडेमा गरेको कामको मुल्यांकन गरी खर्च फरफारक गरिनेछ ।

१६. **बेच बिखनगर्न नपाउने** :लाभग्राहीले आवास निर्माण सम्पन्न गरे पश्चात५ वर्ष सम्म बेचविख नगर्न पाउने छैन ।

१७. **सुविधान पाउने** : यस कार्यविधि बमोजिम एक पटक सुविधा प्राप्त गरिसकेका लाभ ग्राहीले पुन आवास सुविधापाउने छैन ।

१८. **प्रचलित कानून बमोजिम हुने**ः यस कार्यविधिमा लेखिएको विषयमा यसै बमोजिम र नलेखिएको विषयमा प्रचलित कानून बमोजिम हुनेछ ।

अनुसूची - १

(दफा ९ संग सम्बन्धित)

लाभग्राहीले दिने निवेदनको ढाँचा

श्रीमान् अध्यक्ष ज्यू

इस्मा गाउँकार्यपालिकाको कार्यालय

इस्मारजस्थल, गुल्मी ।

विषय : जनता आवासको जस्तापाता उपलब्ध गराउनुहुन ।

म ............................गाउँपालिका ......................वडा नं.: ..............टोल निवासी नाम, थरः .....................जनता आवास कार्यक्रमको लाभग्राहीमा छनौट भएको हुँदा मेरो कित्ता नं.:............ ...........घरको क्षेत्रफलः .......................................मा रहेको घरमा जस्तापाता लगाउने सम्पूर्ण कार्य सम्पन्न गरेको हुँदा प्राविधिक मूल्यांकन बमोजिमको जस्तापाता उपलब्ध गराउनु हुन निवदेन गर्दछु ।

निवेदक

नाम थरः ....................................

ठेगानाः.......................................

सम्पर्क नं.:..................................

हस्ताक्षरः.........................

**प्रमाणीकरण मिति :२०७४/०९/०८**

**आज्ञाले,**
**सरोज कुमार पोखेल**
**प्रमुख प्रशासकीय अधिकृत**